## नेपाल सरकार

## ऊर्जा मन्त्रालय

### प्रेस विज्ञप्ति

एशियाली विकास बैंकको ऋण तथा अनुदान सहयोगमा विद्युत प्रसारण वितरण कार्यदक्षता अभिवृद्धि आयोजना अन्तर्गत काठमाडौं उपत्यका भित्र महाराजगञ्ज तथा रत्नपार्क वितरण केन्द्रको ११ के.भि. र ४०० भोल्ट विद्युतीय संरचनाहरु भूमिगत गर्ने लगायत क्षमता वृद्धि गर्ने कार्यहरु समन्वयात्मक ढंगले अगाडी बढाउन नेपाल सरकार (मा. मन्त्रिस्तर) को मिति २०७४/०१/०३ को निर्णयानुसार श्रीमान ऊर्जा सचिवज्यूको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, खानेपानी तथा सरसफाई मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र नेपाल विद्युत प्राधिकरण लगायतका मन्त्रालय/निकायका प्रतिनिधि रहनेगरी गठित उच्चस्तरीय समन्वय समितिको पहिलो बैठक २०७४ साल आषाढ ६ गते ऊर्जा मन्त्रालयमा बस्यो। उक्त बैठकमा वितरण प्रणाली सुदृढिकरण तथा विद्युतीय संरचनाहरु भूमिगत गर्ने लगायतका कार्यहरुको सफल र प्रभावकारी कार्यान्वयनको लागि उपस्थित विभिन्न मन्त्रालय/निकायहरुबाट प्रतिनिधित्व गर्ने व्यक्तित्वहरु बीच छलफल भई विद्युतीय वितरण प्रणाली भूमिगत गर्न सडक खन्ने कार्य, भूमिगत कार्य सम्पन्न भए पश्चात सडकको मर्मत तथा पिच गर्ने कार्य सम्बन्धित आयोजनाले सडकको प्रचलित मापदण्ड बमोजिम गराउने र यी कार्यहरुको प्राविधिक समन्वयको लागि सम्बन्धित निकायहरु संलग्न रहने गरी एक उपसमिति गठन गर्ने निर्णय गरिएको जानकारी गराइन्छ।

सागरराज गौतम
सि.डि.ई. तथा सह-प्रवक्ता